# तातोपानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# लिताकोट, जुम्ला

# योजना अनुगमन तथा मुल्यांकन प्रतिवेदन

मिति २०७९ पौष ११ गते


***पेश गर्ने***

रेवती रावल

उपाध्यक्ष एंव संयोजक

अनुगमन तथा मुल्यांकन समिति

तातोपानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लिताकोट, जुम्ला
कर्णाली प्रदेश नेपाल

## १. पृष्ठभुमि (Background)

तातोपानी गाउँपालिका जुम्ला अन्तर्गतका जम्मा ८ वटा वडाहरुमा चालु आ.व. र गत आ.व. मा संघीय सरकार, कर्णाली प्रदेश सरकार र गाउँपालिका बाट विभिन्न अनुदान अन्तर्गत आर्थिक, सामाजिक, भौतिक, वन वातावरण तथा विपद् व्यवस्थान र सुशासन एंव संस्थागत क्षेत्र तर्फ विभिन्न योजना/क्रियाकलापहरु संचालन हुदै आएका छन् । यसै सन्दर्भमा उक्त योजना/क्रियाकलापहरुको समयमै कार्य सम्पन्न गराई गुणस्तरिय र परिमाणत्मक लक्ष्य हासिल गर्नका लागि गाउँपालिका स्तरिय एंव वडा स्तरिय अनुगमन तथा मुल्यांकन समिति बाट सुपरिवेक्षण, अनुगमन र मुल्यांकन गर्ने काम हुदैं आईरहेको छ । तातोपानी गाउँपालिकाले चालु आर्थिक वर्ष २०७९।८० को नीति तथा कार्यक्रमले सम्पुर्ण योजनाहरुको काम वैशाख मसान्त भित्र नै समपन्न गराउने लक्ष्य लिएकाले सो कुरालाई मध्यनजर गर्दै करिब ९० प्रतिशत योजनाहरुको सम्झौता सम्बन्धित वडामानै गएर समपन्न भएको कुरा यहाँहरुमाझ निवेद गर्दछु ।

गाउँपालिका स्तरिय अनुगमन तथा मुल्यांकन समितिले वडा स्तरिय अनुगमन तथा मुल्यांकन समिति र सम्बन्धित निकाय एंव प्रतिनिधिहरु संगको सहकार्य र समन्वयमा मिति २०७९ श्रावण महिना देखि पौष ७ गते सम्म १५ वटा योजनाहरुको अनुगमन तथा मुल्यांकन कार्य सम्पन्न गरि कतिपय योजनाहरुको अन्तिम भुक्तानी समेत गरिएको छ । अनुगमन गरिएका कतिपय योजनाहरु गत आर्थिक वर्षमा सम्झौता भई विभिन्न कारणवस समयमै काम सम्पन्न हुन नसकी यस चालु आवमा म्याद थप हुन आई कार्य सम्पन्न भएका योजनाहरुको सहितको प्रतिवेदन यस सम्मानित गाउँ कार्यपालिका वैठकमा पेश गर्दछु ।

## २. उदेश्यः (Target)

- कार्य सम्पन्न भएका योजना/क्रियाकलापहरुको अनुगमन गरि अन्तिम भुक्तानीको लागि सिफारिस गर्नु,
- निर्माणाधिन योजनाहरुको गुणस्तिरयता संगै समयमै काम सम्पन्न गर्नका लागि ताकेता गर्नु

## ३. अनुगमन तथा मुल्यांकन गरिएका योजना/क्रियाकलापहरुको नामः (List of monitored & evaluated projects)

चालु आर्थिक वर्ष २०७९।८० को श्रावण महिना देखि पौष ७ गते सम्म निम्नानुसारका योजनाहरुको अनुगमन तथा मुल्यांकन कार्य सम्पन्न भएका छन् । जसको विनियोजित बजेट, बजेट स्रोत, अनुगमन गरिएको मिति, भुक्तानीको अवस्र्था र भुक्तानी भएको रकम उल्लेख गरि प्रस्तुत गरिएको छ ।

| क्र.स | योजनाको नाम | ठेगना | विनियोजित बजेट | बजेट श्रोत | अनुगमन भएको मिति | भुक्तानी को अवस्था | अन्तिम भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | कालिका मन्दिर निर्माण | तातोपानी गापा वडा | ३ लाख | वितिय | २०७९।०४।२४ | भुक्तानी | २,९७,७२७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | नं ६ हियाँखोला | | समानिकरण | | भएको | |
| २ | हाँकु एक घर एक धारा निर्माण | तातोपानी गापा वडा नं ४ हाँकु | ६ लाख | वितिय समानिकरण | २०७९।०५।२७ | भुक्तानी भएको | ५,०६,६९८ |
| ३ | जर्मी भवानी थानको फिल्ड निर्माण | तातोपानी गापा वडा नं २ जर्मी | २ लाख | वितिय समानिकरण | २०७९।०६।११ | भुक्तानी भएको | १,९७,४८५ |
| ४ | कर्णाली राजमार्ग देखि चुलदुङ्गी सम्म सिढी निर्माण | तातोपानी गापा वडा नं २ जर्मी | १५ लाख | वितिय समानिकरण | २०७९।०६।११ | भुक्तानी भएको | १३,०१,७९७ |
| ५ | हिमशिखर मा.वि. व्यवस्थापन | तातोपानी गापा वडा नं २ जर्मी | ४ लाख | वितिय समानिकरण | २०७९।०६।११ | भुक्तानी हुन बाँकी | |
| ६ | दुर्गा मावि मधु सुर्की सर्मी भवन निर्माण | तातोपानी गापा वडा नं ७ गोठिचौर | ३१ लाख | संघीय विशेष अनुदान | २०७९।०६।१२ | भुक्तानी हुन बाँकी | |
| ७ | भयार मन्दिर निर्माण | तातोपानी गापा वडा नं ८ टोप्ला | २ लाख | वितिय समानिकरण | २०७९।०६।१२ | भुक्तानी भएको | १,९६,११० |
| ८ | घट्टेखोला देखि निरौला सम्म गोरेटो बाटो निर्माण | तातोपानी गापा वडा नं ८ | ५ लाख | वितिय समानिकरण | २०७९।०६।१२ | भुक्तानी भएको | ३,०२,८५५ |
| ९ | भेडिगोठ निर्माण | तातोपानी गापा वडा नं २ | ५ लाख | वितिय समानिकरण | २०७९।०७।२४ | भुक्तानी भएको | ४,९६,१२५ |
| १० | खिलेकाँध धर्मशाला निर्माण | तातोपानी गापा वडा नं ३ | ४ लाख | वितिय समानिकरण | २०७९।०७।२४ | भुक्तानी भएको | ३,९९,१०५ |
| ११ | गौतमवाडा गाउँ देखि डाँडा सम्म बाटो पिसिसि | तातोपानी गापा वडा नं ४ गौतमवाडा | ५ लाख | वितिय समानिकरण | २०७९।०७।२७ | भुक्तानी हुन बाँकी | |
| १२ | मिडिया सामाग्री व्यवस्थापन | तातोपानी गापा वडा नं ६ | ४ लाख | वितिय समानिकरण | २०७९।०७।२७ | भुक्तानी भएको | ३,९७,७६० |
| १३ | राँका दोफाट्ना देखि रानीपुन्रा सम्म बाटो ग्राबेल | तातोपानी गापा वडा नं १ राँका | २ लाख | वितिय समानिकरण | २०७९।०८।१५ | भुक्तानी हुन बाँकी | |
| १४ | हिमाली आवि छाना मर्मत तथा कक्षाकोठा पिसिसि | तातोपानी गापा वडा नं २ बाबिरा | ४ लाख | वितिय समानिकरण | २०७९।०९।०७ | भुक्तानी हुन बाँकी | |
| १५ | कर्णाली राजमार्ग देखि मुल थान सम्म रेलिङ रङ्गरोगन तथा नानी निर्माण | तातोपानी गापा वडा नं २ बाबिरा | १० लाख | वितिय समानिकर्ण | २०७९।०९।०७ | भुक्तानी हुन बाँकी | |

**४. सबल र दुर्बल पक्षः** (Strong and Weakness of Project)

माथि उल्लेखित योजनाहरुको अनुगमन तथा मुल्यांकन गर्दा निम्नानुसारको सबल एंव दुर्बल पक्षहरु पाईयो ।

**सबल पक्षः**

- धेरै योजनाहरु प्राविधिक लागत ईष्टिमेट र डिजाईन अनुसार कार्य सम्पन्न भएको,
- अति कष्टकर भौगोलिक अवस्था र यातायातको असुविधाका बाबजुत पनि काम समयमै सम्पन्न भएको ।

**दुर्बल पक्षः**

- कुनै योजनाहरु प्राविधिक लागत ईष्टिमेट र डिजाईन अनुसार काम नभएको,
- योजनाहरुको फिनिसिङ्ग राम्रो संग नगरेको,
- योजनाहरुमा जनसहभागिता अत्यन्तै कम हुनु,
- किन्नुपर्ने सामाग्री नकिनेर पुराना सामान देखाएर भुक्तानी लिन खोजेको,

**५. निष्कर्ष (Conclusion)**

गाउँपालिका स्तरिय अनुगमन तथा मुल्यांकन समितिबाट हाल सम्म माथि उल्लेखित जम्मा १५ वटा योजनाहरुको अनुगमन तथा मुल्यांकन कार्य सम्पन्न भएको र त्यसमध्य हाल सम्म ९ वटा योजनाहरुको भुक्तानी भएको र बाँकी ६ वटाको हुन बाँकी रहेको छ । जसमा भेडिगोठ निर्माण, खिलेकाँध धर्मशाला निर्माण, भयार मन्दिर निर्माण, कर्णाली राजमार्ग देखि चुलढुङ्गी सम्म सिढी निर्माण, गौतमवाडा गाउँ पिसिसि लगायतका योजनाहरुको काम सनतोषजनक पाईएको छ भने घट्टेखोला देखि निरौला सम्म गोरेटो बाटो निर्माण को प्राविधिक लागत ईष्टिमेट अनुसार पुरा काम नभएको र हिमाली आवि छाना मर्मत तथा कक्षाकोठा पिसिसि को छाना मर्मत कार्य भएपनि फिनिसिङ राम्रो नहुँदा सन्तोषजनक भेटिएन । आगामी दिनमा यि र यस्ता कार्यलाई निरुत्साह गर्ने निरन्तर अनुगमन कार्य बढाउने र काम नगर्नेलाई आगामी योजना तर्जुमा गर्दा ध्यान दिनुपर्ने देखिन्छ ।

ओम बहादुर चन्द
योजना शाखा प्रमुख तथा सदस्य सचिव
अनुगमन तथा मुल्यांकन समिति

रेवती रावल
उपाध्यक्ष एंव संयोजक
अनुगमन तथा मुल्यांकन समिति

**फोटो (Photo)**



